## जानकी गाउँपालिका

# जानकी राजपत्र

प्रमाणिकरण मिति : २०७९/०३/०५

प्रकाशन मिती : २०७९/०३/२०

## जानकी गाउँपालिका

## जानकी गाउँपालिकाको अनुगमन तथा मुल्याङ्कन कार्यविधि, २०७९

### प्रस्तावना

जानकी गाउँपालिका द्वारा संचालित योजना, आयोजना तथा कार्यक्रमहरुलाई अनुगमनतथा मुल्याङ्कनको माध्यमबाट पारदर्शी, दीगो र जनसहभागितामूलक बनाई सुशासन प्रवर्द्धन गर्दै नतिजा मुखी बनाउन वान्छनीय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम बनेको जानकी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) नियमावली,२०७५ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी जानकी गाउँपालिका कार्यपालिकाले यो कार्यविधी बनाएको छ ।

## <u>परिच्छेद– १</u>
## प्रारम्भिक

**<u>१. संक्षिप्त नाम र प्रारम्भ</u>** : (१) यस कार्यविधीको नाम "जानकी गाउँपालिकाको अनुगमन तथा मुल्याङ्कन कार्यविधि २०७९" रहेको छ ।

(२) यो कार्यविधी जानकी राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ ।

**<u>२. परिभाषा</u>**: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "कायविधि" भन्नाले जानकी गाउँपालिकाको अनुगमन तथा मुल्याङ्कन कार्यविधि, २०७९ लाई सम्झनु पर्छ ।

(ख) "**गाउँपालिका**" भन्नाले जानकी गाउँपालिकाको कार्यालय, खजुराखुर्द बाँकेलाई सम्झनुपर्छ ।

(ग) "अनुगमन" भन्नाले योजना,आयोजना तथा कार्यक्रमहरुमा लगानी तथा साधनको प्रवाह समुचित ढङ्गले भएको छ / छैन र कार्यतालिका अनुसार क्रियाकलापहरु कार्यान्वयन भई अपेक्षित उपलब्धी हासिल भएको छ /छैन भनी गाउँकार्यपालिकाद्धारा तोकिएका पदाधिकारी तथा कर्मचारीहरुद्धारा निरन्तर र आवधिक रुपमा निगरानी राख्ने कार्यलाई सम्झनु पर्छ ।

(घ) "मुल्याङ्कन"भन्नाले कार्यान्वयन गरिएका योजना, आयोजना तथा कार्यक्रमहरु हालको समयमा के कति सान्दर्भिक, लाभदायी र प्रभावकारी छन् तथा के कस्ता उपलव्धी एवं प्रभावहरु हासिल भएका छन भन्ने कुरा लेखाजोखा गर्ने कार्य सम्झनु पर्छ ।

(ङ) "अनुगमन मूल्याङ्कन समिति" भन्नाले दफा ३ को उपदफा (१) बमोजिम गठित पालिका स्तरिय अनुगमन तथा मूल्याङ्कन समिति र उपदफा (२) बमोजिमा गठित वडास्तरिय अनुगमन तथा मूल्यांकन समिति सम्झनु पर्दछ ।

## <u>परिच्छेद – २</u>
## <u>अनुगमन तथा मूल्याङ्कन समिति</u>

**<u>३.अनुगमन तथा मूल्याङ्कनसमितिको गठन</u>** : (१) गाउँपालिकामा सञ्चालिन योजनको लागत, परिमाण, समय सीमा र गुणस्तरियताको आधारमा अनुगमन गरि आवश्यक पृष्ठपोषन दिनको लागि निम्म अनुसारको गाउँपालिका स्तरिय अनुगमन तथा मूल्याङ्कन समितिको गठन गरिनेछ ।

| | |
|---|---|
| (क) गाउँपालिकाको उपाध्यक्ष | -संयोजक |
| (ख) प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| (ग) सम्बन्धित वडाका वडाध्यक्ष | - सदस्य |
| (घ) पुर्वाधार विकास समितीका संयोजक | - सदस्य |
| (ङ) अध्यक्षले तोकेको एक जना कार्यपालिका सदस्य | - सदस्य |
| (च) पुर्वाधार विकास शाखा प्रमुख(इन्जिनियर) | - सदस्य |
| (छ) योजना तथा अनुगमन उपशाखाका प्रमुख | - सदस्य-सचिव |

(१)माथिको समितिवाट हुने अनुगमन तथा मूल्याँकन कार्य गर्दा गराउँदा तहाँ उल्लेखित बुँदा क,ग,घ,च र छ उपस्थिती अनिवार्य रुपमा रहेको हुनु पर्नेछ । तर, उक्त समितिका सदस्यका अतिरिक्त योजनाहरुको गुणस्तरियता कायम गर्नका लागी गा.पा.अध्यक्ष स्वयं वा प्रतिनिधि खटाई योजनाहरुको विशेष अनुगमन गर्न बाधा पुगेको मानिने छैन ।

(२)आफ्नो वडाभित्र सञ्चालित रु **५लाख सम्मका** योजनाका लागत, परिमाण, समय, सिमा र गुणस्तरीयताका आधारमा अनुगमन गरी आवश्यक पृष्ठपोषण दिनको लागि निम्म अनुसारको वडास्तरीय अनुगमन तथा मुल्याङ्कन समिति गठन गर्नु पर्नेछ ।

| | |
|---|---|
| (क) सम्बन्धित वडाका वडा अध्यक्ष | -संयोजक |
| (ख) वडाध्यक्षले तोकेको वडा सदस्य १ जना | -सदस्य |
| (ग) सम्बन्धित वडाका वडा सचिव | -सदस्य |
| (घ) सम्बन्धित वडाका प्राविधिक | -सदस्य |

(३) गाउँपालिका वा वडा स्तरबाट संचालित रु. ५ लाख भन्दा बढिका योजनाहरुको हकमा योजनाको सार्वजानिक परिक्षण गर्दा गाउँपालिकाबाट तोकिएका प्रतिनिधिको रोहबरमा गर्नुपर्नेछ र सो समयमा योजना अनुगमन समितिका पदाधिकारीको समेत सहभागीताको लागी प्रयास गरिनेछ ।

(४) वडा स्तरमा संचालित कुनैपनि योजनाहरुको अनुगमन मुल्याङ्कन वडा समितिबाट पनि निरन्तररुपमा गरिनेछ । उक्त अनुगमनमा देखिएका कुराहरु वडा अध्यक्ष मार्फत गाउँपालिका स्तरीय अनुगमन समिति समक्ष पेश गरिनेछ ।

**४.अनुगमन तथा मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार :**

(१) दफा ३ को उपदफा (१) र (२) वमोजिम गठित गाउँपालिका स्तरीय र वडास्तरिय अनुगमन तथा मुल्याङ्कन समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) गाउँपालिकामा सञ्चालित आयोजना तथा कार्यक्रमको नियमित वा आवधिक अनुगमन तथा मूल्याङ्कन गर्ने ।

(ख) योजना, आयोजना तथा कार्यक्रम सञ्चालनको क्रममा गाउँ सभा तथा गाउँ कार्यपालिकाबाट भएका निर्णय तथा निर्देशनहरु कार्यान्वयन गर्ने, गराउने ।

(ग) योजना, आयोजना तथा कार्यक्रम सञ्चालनको क्रममा उत्पन्न भएका विवादहरु उचित ढंगले व्यवस्थापन गर्ने ।

(घ) अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन तयार गरी पेश गर्ने

(ङ) गाउँ सभा, गाउँ कार्यपालिका तथा गा.पा.अध्यक्षले तोकेका अन्य कार्यहरु गर्ने ।

(च) अन्तिम अनुगमन तथा मुल्याङ्कनका क्रममा उपभोक्ता समिति वा प्राविधिकबाट कुनै किसिमको मात्रात्मक वा गुणात्मक कमीकमजोरी गरेको वा प्राविधिक इस्टिमेट बमोजिमको कार्य नभएको पाईएमा कारवाहीका लागी सिफारिस गर्ने ।

**५.आयोजनाको प्रभाव मूल्याङ्कन:** (१) रु. पाँच करोड भन्दा बढी लागतका आयोजनाहरुको योजना सम्पन्न भएको २ वर्षभित्र तेस्रो पक्षबाट प्रभाव मूल्याङ्कन गराउनु पर्नेछ ।

२) ५ लाख भन्दा बढि र ५ करोड भन्दा कम लागतका आयोजनाहरुको पालिका स्तरीय अनुगमन समितिको मल्याङ्कनको प्राप्त प्रतिवेदन सहितको सिफरिसको आधारमा रकम भुक्तानीका लागि सिफारिस गर्न सकिनेछ ।

(३) वडा स्तरीय योजनाहरु मध्ये रु. ५ लाख सम्म लागतका योजनाहरुको हकमा वडा समितिबाटै गरिएको अनुगमन मुल्याङ्कनका आधारमा प्राप्त प्रतिवेदन सहितको सिफारिसका आधारमा रकम भुक्तानीका लागी सिफारिस गर्न सकिनेछ ।

(४) वडा स्तरीय समितिबाट प्राप्त अनुगमन मुल्याङ्कनका आधारमा भएको सिफारिस उपर कुनै गुनासो आएमा वा आवश्यक ठानेमा नगर स्तरीय समितिबाट अनुगमन गरिनेछ ।

५) जानकी गाउँपालिकाबाट सञ्चालित आयोजनाहरुको नियमित अनुगमनको व्यवस्था मिलाउनु पर्नेछ ।

६) अनुगमन समितिले अनुगमन गर्दा स्पष्ट नतिजा सूचक सहितको अनुगमन फारम तयार गरी प्रयोग नर्गु पर्नेछ ।

७) अनुगमन मुल्याङ्कन सम्बन्धी अन्य व्यवस्थाको वारेमा  गाउँ कार्यपालिकाले आवश्यक कार्यविधि तयार गर्न सक्नेछन ।

८) गाउँपालिकाले आयोजना तथा परियोजनाको अनुगमन, सुपरिवेक्षण र मूल्यांकनको लागि विभिन्न समितिहरु गठन गर्न सक्नेछ ।

## परिच्छेद- ३

## अनुगमन तथा मुल्याङ्कन विधि

१) कार्यपालिकामा एकिकृत कार्यान्वयन कार्ययोजना पेश गरेको १५ दिन भित्र अनुगमन तथा मुल्याङ्कन समितिले बार्षिक अनुगमन कार्ययोजना बनाई कार्यान्वयन गर्नु पर्नेछ ।

२) अनुगमन तथा मुल्याङ्कन समितिले गरेको कामको प्रतिवदेन प्रत्येक २ महिनामा पेश गरी कार्यपालिकाको बैठकमा छलफल गर्नु पर्नेछ ।

३) कार्यपालिकाले अनुगमन तथा मुल्याङ्कन समितिको प्रतिवेदन समेतको आधारमा योजना कार्यान्वयनमा देखिएका त्रुटिहरु सच्याउन तथा समय र गुणस्तर कायम गर्न सम्बन्धित पक्ष (उपभोक्ता समिति, निर्माण व्यवसायी, परामर्शदाता, तथा कर्मचारी) लाई आवश्यक निर्देशन दिनु पर्नेछ ।

४) अनुगमन तथा मुल्याङ्कन समितिले दिएको निर्देशन पालना गर्नु सम्बन्धित पक्षको जिम्मेवारी हुनेछ ।

## परिच्छेद – ४

## अनुगमन तथा मुल्याङ्कन प्रतिवेदन

**६.अनुगमन तथा मुल्याङ्कन प्रतिवेदन :**दफा ३ को उपदफा (१) र (२) बमोजिम गठित अनुगमन तथा मुल्याङ्कन समितिले अनुसूचि–१ बमोजिमको ढाँचामा अनुगमन तथा मुल्याङ्कन प्रतिवेदन तयार गरी गाउँपालिका अध्यक्ष मार्फत कार्यपालिका बैठकमा पेश गर्नु पर्नेछ ।

## परिच्छेद – ५

## विविध

**७.बाधा अड्काउ फुकाउ तथा संशोधन :** (१) यो कार्यविधि कार्यान्वयनको सर्न्दभमा कुनै बाधा अड्काउ परेमा गाउँ कार्यपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ ।

(२) यस कार्यविधिमा थपघट गर्ने अधिकार प्रचलित कानुनको अधिनमा रही गाउँ कार्यपालिकाको हुनेछ ।

आज्ञाले,

प्रमुख प्रशासकीय अधिकृत

अनुसुचि १
परिच्छेद ४ को दफा ७ संग संबन्धित
जानकी गाउँपालिका
खजुराखुर्द, बाँके

**योजना अनुगमन समितिको प्रतिवेदन**

श्री गाउँपालिका अध्यक्ष ज्यू
जानकी गाउँपालिका
खजुराखुर्द, बाँके

मितिः-....................

जानकी गाउँपालिका को गाउँ सभाले आ.व......... मा संचालनका लागि पारित गरेको तपसिल बमोजिमको योजना संचालन पश्चात पालिका स्तरीय/वडा स्तरीय अनुगमन टोलीले योजनाको अनुगमन गरी पेश गरेको अनुगमन प्रतिवेदन।

१. योजनाको नामः-.........................

२. योजना संचालन भएको स्थान/ः-...................................

३. विनियोजित रकमः-................................जनश्रमदान........................

कुल लागतः....................

४. सम्झौता मितिः....................... सम्पन्न गर्नुपर्ने मितिः................

सम्पन्न भएको मिति................,

**५. अनुगमनका क्रममा देखिएका कुराहरुः–**

| क्र सं | व्यहोरा | भएको | नभएको | कैफियत |
|---|---|---|---|---|
| १ | स्विकृत लागत अनुमान बमोजिमको कार्य | | | |
| २ | उपभोक्ता समितिको तर्फबाट जनश्रमदान | | | |
| ३ | सार्वजनिक परीक्षण (उपस्थित संख्या समेत उल्लेख गर्ने) | | | |
| ४. | आयोजना सूचना पाटि (सबैले देख्ने ठाउँमा) | | | |

**६. आयोजना संचालनमा देखिएका समस्याहरुः-**

१..................................................

२........................................................

**७. अनुगमन समितिको सुझावहरु**

१..............................................................

२..............................................................

**८. अनुगमन समितिको निष्कर्षः**

.........................................................................................................

**९. अनुगमनमा संलग्न पदाधिकारीहरु**

| क्र सं | नाम | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |
| ७ | | | | |